# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १४ गते २०३१ साल

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले दाङ तुलसीपुरमा कारागार निर्माणको लागि राप्ती अञ्चल दाङ देउखुरी जिल्ला लाहुरे चौर गा. पं. वार्ड नं २ ख मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व झमरीयाको ठाडो कुलो, दक्षिण जवरपुरको कुलो, पश्चिम कि. नं. २२४ को जग्गा, उत्तर कि. नं. २२८,२३१, २३३, २४४ को जग्गा यति ४ किल्लाभित्रको कि. नं. २२९ को ०–१४–११ पुरै, कि. नं. २३० को ०–१७–६ १/२ पूरै कि.नं. २३४ को ०–१४–१ पूरै, कि. नं. २३६ को ०–८–६ पूरै, कि. नं. २३५ को ०–१५–० पूरै, कि. नं. २३७ को ०–८–५ पूरै, कि. नं. २३८ को ०–११–० पूरै समेत जम्मा जग्गा बिगहा ४–८–१२ १/२ (चार बिगहा आठ कट्ठा साढे बाह्र धुर) को जम्मा मालपोत रू. ११५।२ (एक सय पन्ध्ररूपैयाँ दुई पैसा) लाग्ने कित्ता एक – – – – – – – – १

आज्ञाले–
शेरबहादुर शाही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।